## सम्बत् २०७७ साल असोज ०८ गते विहिबार बसेको मुसिकोट नगर कार्यपालिका बैठकका निर्णयहरु

| क्र. सं. | बिषयगत शाखा / उपशाखा / ईकाइ | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | पूर्वाधार विकास शाखा | १. बर्षातको समयमा अवरुद्ध भएका नगर तथा वडाका सडकहरु मर्मत गरी दशैं अगावै सुचारु गर्ने र वर्षातले क्षति पुयाएका पूर्वाधारहरु निर्माण गरी सुचारु गर्ने कामका लागि पूर्वाधार विकास समितिलाई जिम्मा दिने ।<br>२. यस आर्थिक बर्षमा सम्पन्न हुने तथा निर्माण हुने झोलुगें पुलका लागि नगरपालिकाले म्याचिंग गर्नुपर्ने रकम रु ९,००,०००। (नौ लाख) समपुरक म्याचिंग शिर्षकमा रहेको रकमबाट बजेट व्यवस्थापन गर्ने ।<br>३.यस नगरपालिका अन्तर्गत विभिन्न सडक क्षेत्रमा सडक अतिक्रमण गरि बनाइएका घर टहरा हटाउने कार्यका लागि सरोकारवालासँग समन्वयात्मक बैठक राखि तत्काल आवश्यक कामको थालनि गर्ने ।<br>४. हाल यस नगरपालिका क्षेत्रभित्र रहेका घाटहरुमा नदीजन्य पदार्थको उत्खनन तथा बिक्रि वितरण गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकनको कार्य अन्तिम चरणमा रहेको र विकास निर्माण तथा अन्य कार्यका लागि वालुवाको माग अत्याधिक भै चोरि निकासी समेत हुने गरेको हुँदा अर्को व्यवस्था नभए सम्मको लागि प्रति ट्याक्टर रु १०००। (एक हजार) मा मुग्लुखोला घाटबाट वालुवा बिक्रि गर्ने । |
| २. | सूचना प्रविधि शाखा | विगत दुई आर्थिक बर्षदेखि इन्टरनेट सेवा प्रदान गर्दै आइरहेको इन्टरनेट सेवा प्रदायक संस्था वर्ल्डलिंक कम्युनेकेशन लिमिटेडले निशुल्क प्रदान गर्दै आएको इन्टरनेट सेवाको करार अवधि समाप्त भएकोले यस आर्थिक बर्षमा सो कम्पनिसँग सम्झौता गरि इन्टरनेट सेवा संचालन गर्ने । |

| | | |
|---|---|---|
| ३. | आर्थिक प्रशासन शाखा | १. यस आर्थिक बर्षमा भैपरी आउने चालु खर्चमा विनियोजन भएको रकम रु. १,२७,३४,०००। (एक करोड सत्ताइस लाख चौतिस हजार) मध्ये रु. १,००,३०,०००। (एक करोड तिस हजार) पदाधिकारी सुविधा, ३,००,०००। ( तिन लाख) आर्थिक सहायता र रु. ४,००,०००। (चार लाख) बहुक्षेत्रीय पोषण योजना म्याचिंगमा गरी जम्मा रु १,०७,३०,०००। (एक करोड सात लाख तिस हजार) बाँडफाँड गर्ने ।<br>२. यस आर्थिक बर्षमा स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा विनियोजन भएको रकम रु ३६,००,०००। (छत्तिस लाख) उक्त कोषमा जम्मा गरि १६,००,०००। (स्रोह लाख) कोरोना संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि र बाँकी रकम विपद्जन्य कार्यका लागि आवश्यक पर्ने तारजाली, पाइप तथा आर्थिक सहयोग जस्ता कार्यका लागि भएको खर्चको समेत भुक्तानि गर्ने । |
| ४. | शिक्षा युवा तथा खेलकुद विकास शाखा | कोभिड १९ को महामारीलाई मध्यनजर गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा परिपालना हुने गरी नगर शिक्षा समितिका पदाधिकारी सहितको प्रधानाध्यापक बैठकबाट उपयुक्त शैक्षिक कार्ययोजना स्वीकृत गरी पठनपाठन संचालन गर्ने र नगर स्वयमसेवक शिक्षकको साउन १ गते देखि लागु हुने गरी करार सम्झौता गर्ने । |
| ५. | महिला वालवालिका तथा जेष्ठ नागरिक उपशाखा | यस आर्थिक बर्षमा जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि विनियोजन भएको रकम रु ३,००,०००। (तिन लाख) बाट जेष्ठ नागरिक दिवस २०७७ को अवसर पारेर असोज १६ र १७ गते यस नगरपालिकाका स्थायी बासिन्दा जेष्ठ नागरिकहरुको लागि आँखा शिविर संचालन गर्ने । |